बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

सम्पर्कनं. :०७६-५५०३८३/
०७६-५५०४७९


पत्र संख्या.:०७८।७९शिक्षा
चलानी नं.:

प्रथम पटक प्रकाशित मितिः २०७८/०९/२१

दोस्रो पटक प्रकाशित मिति:२०७८।१०।०६

विषयः प्रतियोगिता संचालन हुने सम्वन्धि सुचना।

प्रस्तुत विषयमा शिक्षा युवा तथा खेलकुद शाखाको आ. व २०७८/०७९ को वार्षिक कार्यक्रम अनुसार यस कपिलवस्तु जिल्ला भरका १६ देखि ४० वर्ष भित्रका युवाहरुलाई लक्षित गरि युवा नवप्रवर्तात्मक विचार प्रर्दशनी तथा प्रस्तुतिकरण प्रतियोगिता "Youth Innovative Idea Hunt" Competition संचालन गर्नको लागि प्रथम पटक मिति २०७८/०९/२१ मा सूचना प्रकाशित गरिएकोमा तोकिएको मितिमा कुनैपनि निवेदन प्राप्त नभएकोले पुन दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक युवाहरुले यहि मिति २०७८/१०/२० गते भित्र संलग्न ढाँचा बमोजिमको निवेदन वाणगंगा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन सम्वन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ।

१. इच्छुक युवाले तोकिएको ढाँचामा निवेदन दिनु पर्ने छ स निवेदन साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र प्राप्त गरेको उपल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

२. युवाले आफ्नो प्रतिभालाई कुनै पनि माध्यमबाट प्रस्तुत गर्न सक्नेछन । नवप्रर्वतनात्मक विचार "Innovative Idea " व्यक्ति परिवार समाज र समग्र देशको रुपान्तरणमा सहयोग पुग्ने खालको हुनु पर्ने छ ।

३. युवाका विचारका क्षेत्रहरु विज्ञान तथा आधुनिक सुचना प्रविधि, वातावरण संरक्षण ,फोहोरमैला व्यवस्थापन तथा सरसफाई , उधोग, सामाजिक जागरण, उत्पादनमा वृद्दी, रोजगारि सृजना, स्थानिय स्रोतको अधिकतम उपयोग र परिचालन निर्यात प्रर्वद्धन तथा आयात ,प्रतिस्थापन ,आर्थिक विकास, शैक्षिक गुणस्तर अभिवृद्दी ,राष्ट्रको समृद्दीको सपना र मार्ग चित्र आदि विषयसँग सम्वन्धित हुनुपर्ने छ ।

४. युवाका विचारहरुलाई हार्ड कपि वा ई कपिको माध्यमबाट प्रस्तुत गर्न सकिने छ । प्राप्त विचारहरुलाई तोकेको मितिमा सम्बन्धित व्यक्तिले प्रर्दशनी तथा प्रस्तुतिकरण गर्नुपर्ने छ । प्रतियोगिता हुने दिन पछि जानकारी गराईनेछ ।

५. विचार प्रर्दशनी तथा प्रस्तुतिकरणमा सम्वन्धित क्षेत्रका विज्ञहरु रहेको मुल्याङ्कन समिति रहनेछ । स्थानिय तहमा प्रथम दितिय र तृतीय हुनेले क्रमश रु दश हजार रु सात हजार र रु चार हजार नगद पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन । प्रथम हुनेलाई प्रस्तुत सामाग्रीका साथ प्रदेश स्तरमा हुने प्रतिस्पर्धामा सहभगि गराईनेछ । त्यसै गरि प्रत्येक प्रदेशबाट प्रथम, दितिय र तृतिय हुने युवाहरु संघिय तहको प्रतियोगितामा सहभागि हुन पाउनेछन । उत्कृष्ट विचारहरु राष्ट्रिय रुपमा संकलन गरि आवश्यकता र सम्भाव्यताका आधारमा विभिन्न योजना र कार्यक्रममा उपयोग गरिनेछ ।

६. प्राप्त विचारहरुको प्रर्दशनी तथा प्रस्तुतिकरणलाई मुल्याङ्कन गर्दा यसको सिर्जनशिलता प्रस्तुतिकरण शैलि विचारको सैद्दान्तिक र व्यवहारिक पक्ष विचारबाट उत्पादन हुने वस्तु वा सेवा विचारको सान्दर्भिकता उपादेयता विश्यसनियता लगानी र प्रतिफल रोजगारी सिर्जनाको सम्भाव्यता तथा जोखिमको अवस्था आदिलाई आधार बनाईनेछ ।

२०७८/१०/०६
बाबुराम भट्टराई
उपसचिव




Scanned with CamScanner

सम्पर्क नं. :०७६-५५०३८३/
०७६-५५०४७९

# बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:०७८।७९शिक्षा
चलानी नं.:

---

निवेदनको ढाँचा

मितिः२०७८/.../......

श्री वाणगंगा नगरपालिका
शिक्षा युवा तथा खेलकुद शाखा
वाणगंगा कपिलवस्तु ।

विषयः प्रतियोगितामा सहभागि हुन पाउँ ।

प्रस्तुत विषयमा ताहाको मिति............ गते प्रकाशित सुचनामा उल्लेख भएको "Youth Innovative Ideas Hunt"गरि प्रतियोगितामा मैले तयार गरेको ........विषयक सामाग्री सहित सहभागि हुनका लागि तपशिल अनुसारको विवरण तथा कागजातहरु संलग्न गरि यो निवेदन पेश गर्दछु। यस कार्यक्रममा सहभागि हुदाको ब्यक्तिगत खर्च कहि कतै पनि माग दावि नगर्ने ब्यहोरा समेत अनुरोध गर्दछु ।

निवेदन साथ पेश गरेका कागजातहरु

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि / जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

ख) माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

निवेदक
दस्तखतः
नाम थरः
निवेदकको ठेगानाः
स्थायीः जिल्ला.......गा.पा./न.पा. .......वडा न. ......टोल.......
सम्पर्कः फोन /मोवाइल न.........इमेलः...........

Scanned with CamScanner